आज मिति २०८० साल जेष्ठ ०७ गते विहान ८ बजे यस राक्सिराङ्ग गाउँपालिका विपद व्यवस्थापन समितिका संयोजक श्री राजकुमार मल्ल ज्यूको संयोजकत्वमा देहायका महानुभावहरुको उपस्थितिमा गाउँस्तरिय विपद व्यवस्थापन समितिको बैठक बसी आसन्न मनसुनजन्य विपद प्रतिकार्य पूर्वतयारी एवम विपद व्यवस्थापन सम्बन्धी विविध सन्दर्भमा देहायका निर्णयहरु गरियो :

उपस्थिति :

१) श्री राजकुमार मल्ल (गापा अध्यक्ष) -संयोजक

२) श्री बनस्तम थिङ्ग (गापा उपाध्यक्ष) -सदस्य

३) श्री बुद्धराम मुक्तान (विषयगत समिति संयोजक) -सदस्य

४) श्री देब चन्द्र गर्तौला (प्र प्र अ) -सदस्य

५) श्री विजय कुमार कापरी (स्वास्थ्य संयोजक) -सदस्य

६) श्री शान्तनु टिवडेवाल (पूर्वाधार विकास शाखा प्रमुख) -सदस्य

७) श्री हिरा श्रेष्ठ (प्रहरी चौकि प्रमुख) -सदस्य

८) श्री गोविन्द अधिकारी (विपद व्यवस्थापन शाखा प्रमुख) -सदस्य सचिव

आमन्त्रित :

१ बिरेन्द्र जिम्वा (पेके सभापति)

२ हरि बहादुर पुन्जा (५ नं अध्यक्ष

३ बुलन्द प्रजा (सदस्य

४ ज्ञानेन्द्र तामाङ - अध्यक्ष - नेकपा एम [signature]

५ चन्द्रनाथ पुन मा.का. व. [signature]

६ रामकुमार थापा मिड् प्राकृत ? [signature]

७ संजय कोइराला ,, [signature]

८ बाबीराम बुढाथोकी ,, [signature]

९ अकल व मेलन्ड [signature]

१० राम क० पुन [signature]

११ उत्तम पाइबा [signature]

१२ चित्र ब. थापा [signature]

१३ सिमा मिश्र वौलिड् मि. [signature]

१४ लिंग लाल पुर्न का. फो. ग [signature]

१५ सान्ता कुमारी अर्वोयाल का.पा.स. [signature]

१६ सुजता दमाई का.पा.स. [signature]

१७ सुशीला सुनार का.पा.स. [signature]

१८

छलफलका विषयबस्तु एवम निर्णयहरु :

१) विपद प्रतिकार्य तथा उद्दारको सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालयले गरेको उद्दार सामाग्री खरिद तथा वितरण लगायतका निर्णयहरु अनुमोदन गर्ने,

२) स्थानीय आपत्कालिन चिकित्सकीय समूह, गाउँपालिका स्तरीय द्रुत प्रतिकार्य टोलि देहायअनुसार गठन गर्ने,

| | |
|---|---|
| क) श्री यम प्रसाद गौतम -सि.अ.हे.ब. | -संयोजक |
| ख) श्री सिमा कुमारी मिश्र (सि अनमी) | -सदस्य |
| ग) श्री अकमाया लामा (सि अनमी) | -सदस्य |
| घ) श्री राजेन्द्र थिङ्ग (अहेव) | -सदस्य |
| ङ) श्री उर्गेन लामा रुम्बा (अहेव) | -सदस्य |
| च) श्री गणेश मुक्तान (अहेव) | -सदस्य |
| छ) श्री रञ्जना डङ्गोल (अनमी) | -सदस्य |
| ज) श्री अञ्जना मुक्तान (ल्याव असिस्टेण्ट) | -सदस्य |

३) मनसुनजन्य विपद पूर्वानुमान तथा पूर्वतयारी सम्बन्धमा :

वडास्तरीय विपद व्यवस्थापन समितिको यथाशीघ्र बैठक बसी मनसुनजन्य विपद व्यवस्थापन तथा प्रतिकार्य सम्बन्धमा बर्षाको पूर्वानुमान तथा चट्याङ्ग, बाढि पहिरोको सम्बन्धमा आवश्यक सतर्कता अपनाउँदै स्थानीय समूदायमा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने,

क) गाउँपालिकाको विभिन्न वडाहरुमा बाढि पहिरोको जोखिम क्षेत्रको पहिचान गरि सो क्षेत्रमा आवश्यक सतर्कता अपनाउने,

ख) सबै वडाहरुमा निर्मीत हेलिप्याड वरीपरिका झाडि बुट्यान फाँड्न, हेलिप्याड सम्मको पहुँच मार्गलाइ दुरुस्त राख्न र सरसफाई गरी तयारी अवस्थामा राख्न सम्बन्धी वडा कार्यालयलाई निर्देशन दिने,

ग) सबै वडा वा टोलहरुमा मनसुनजन्य विपदबाट उद्दार गरिएकाहरुलाई राख्न जोखिम नभएको ठाउँमा निर्मित सामुदायिक भवन, चर्च, धर्मशाला, सरकारी भवन, सहकारी भवन, सार्वजनिक सभाहल आदिलाई सुरक्षित आश्रयस्थलको रुपमा पहिचान गरि सोको विवरण गाउँपालिकाको विपद व्यवस्थापन शाखालाई सम्बीन्धित वडाहरुले उपलब्ध गराउने,

घ) बर्षासँगै गाउँपालिकाको दूर्गम भेगका वडाहरुमा पुग्ने हिउँदे सडकहरुमा क्षति पुगी त्यस वडाहरुमा विपद प्रतिकार्य तथा उद्धार सम्बन्धी कार्यमा कठिनाई हुने भएकाले वडा कार्यालयमा नै आवश्यक उद्दार तथा राहत सामाग्री भण्डारण गरी सामाग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाउने,

ङ) यसअघि गठन भएको विपद व्यवस्थापन स्वयमसेवक दस्तालाई प्रदान गरिएको उद्दार सामाग्रीसहित तयारी अवस्थामा राख्ने, उद्दार सामाग्री तथा स्वयमसेवकहरुलाई परिचालन सम्बन्धीत वडा कार्यालयले गर्ने,

च) भर्खरै आएको हावाहुरी तथा प्रिमनसुनजन्य प्रकोपको कारणले क्षति पुगेको संरचना एवम बालीनालीको लागि राहत वितरण सम्बन्धमा तत्कालका लागि गाउँपालिकाबाट त्रीपाल उपलब्ध गराउने र स्थानीय प्राविधिक तथा वडा विपद व्यवस्थापन समितिको सदस्यको टोलिको स्थलगत अनुगमन पश्चात दूई बण्डल जस्तापाता उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन गाउँकार्यपालिका कार्यालयलाई अनुरोध गर्ने,

४) स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरु मनोनित गर्ने सम्बन्धमा गाउँस्तरीय विपद व्यस्थापन समितिका देहायका पदहरुमा देहायअनुसार सदस्यहरु मनोनित गर्ने,

क) स्थानीय माध्यामिक विद्यालयका प्रअहरु मध्येबाट - श्री सिताराम सुवेदी -प्रअ श्री सूर्योदय मावि

ख) विपद व्यवस्थापनमा कृयाशील स्थानीय गैरसरकारी संस्थाको प्रतिनिधि - श्री जयकान्त प्रजा (श्री राक्सिराङ्ग विकास संस्था)

५) राक्सिराङ्ग गाउँपालिकाको विपद व्यवस्थापन कार्यविधि, २०७४ लाई समयसापेक्ष संशोधन गरी राहत वितरण कार्यलाई सरल तथा प्रभावकारी बनाउने र पालिकास्तरीय मनसुनजन्य विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य तथा उत्थाशील विकास योजना तर्जुमा सम्बन्धमा आवश्यक कार्य अगाडी बढाउन गाउँकार्यपालिका कार्यालयलाई सिफारिस गर्ने,